**मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

यस तुलसीपुर उपमहानगरपालिका भित्र नापी र मालपोत कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि प्रर्याप्त जनशक्ति(१ जना नापीअधिकृत सहित १४ जना प्राविधिक(सर्भेक्षक/अमिन) र प्रशासन तर्फ पनि पर्याप्त जनशक्ति साथै भौतिक पुर्बाधार समेत रहेको कारणले संघीय चालु आ.ब.को नीति,कार्यक्रम तथा बजेट बक्तब्यमा नापी तथा मालपोत कार्यालयहरु क्रमश : हस्तान्तरण गर्ने नेपाल सरकारको निर्णय समेत भएकोले उक्त कार्यालयहरु यथासक्य चाँडो हस्तान्तरण गर्न प्रदेश सरकार प्रदेश नं. ५ मा अनुरोध गरि पठाउने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको घरेलु तथा सिल्पकलाको भवन साबिक पञ्चायत कालमा महिलाहरुको सीपबिकासका कार्यक्रमहरुमा प्रयोगमा आएको, तत्कालिन अवस्थामा जिल्ला बिकास समितिको कार्यालय दाङले भाडामा लगाउदै आएको र हाल जिल्ला समन्वय समितिको उद्देश्य बमोजिम कार्य गर्नका लागि कुनै पनि कानुनी प्रावधान नभएको र त्यस्तो कार्य गर्ने व्यवस्था नेपालको संबिधानले स्थानीय तहलाई नै दिएको हुदा हाल यस उपमहानगरपालिका महिलाहरुको सीपबिकास गरी सर्बाग्गिण बिकासका लागि उक्त भवनको आवश्यक्ता भएकोले उक्त भवन र जमिन तत्काल यस उपमहानगरपालिकालाई हस्तानतरण गर्न नेपाल सरकार तथा प्रदेश सरकार प्रदेश नं. ५ मा अनुरोध गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

टेलिफोन,बिद्युत, केबल लगाएतका तारहरु जमिन बाहिर हुदा मानबीय दुर्घटना र सुरक्षामा खतरा बढेको,चुहावट भएको तथा नगरकै शहरी सौन्दर्यता घटेकोले उक्त तारहरु ब्यवस्थित तवरबाट जमिनमुनि ब्यवस्थापन गर्न नेपाल बिद्युत प्राधिकरण,नेपाल टेलिकम तथा केवल नेटवर्क एशोसिएसनमा अनुरोध गर्दै जमिन मुनि संरचना निर्माण गर्न आवश्यक सहकार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

दाङ्ग जिल्ला साबिक ढिकपुर ४ हाल घोराही उपमहानगरपालिका वडा नं. ९ ढिकपुर बस्ने बर्ष ३७ का सुन्दर शाह बिरुद्ध तुलसीपुर उपमहानगरपालिका शिक्षा,युवा तथा खेलकुद महाशाखा प्रमुख भास्करराज गौतम भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।३।२५ गते म्याद तामेल भएको मुद्धा नं. ०७६-Wo-००३१ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयमा कार्यरत कानुन अधिकृत श्री .आंचल बगालेलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर, दाङ, ५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ५**

दाङ्ग जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १३ बस्ने प्रेम बुढा बिरुद्ध तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख श्री घनश्याम पाण्डे समेत भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।४।१८ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-WO-०००६ मा तुलसीपुर उपमहानगरपालिका र तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख श्री घनश्याम पाण्डेको तर्फबाट प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयमा कार्यरत कानुन अधिकृत श्री आंचल बगालेलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**

दाङ्ग जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. ९ दुधेना बस्ने बर्ष ४८ का हुमकान्त भण्डारी बिरुद्ध तुलसीपुर उपमहानगरपालिका भएको श्री उच्च अदालत तुलसीपुर दाङ्गबाट मिति २०७७।४।१८ गते म्याद तामेल भएको मुद्धा नं. ०७७-WO-०००४ मा प्रतिउत्तर दर्ता गर्न र तारेखमा समेत रहनका लागि यस कार्यालयमा कार्यरत कानुन अधिकृत श्री आंचल बगालेलाई प्रतिनिधि तोक्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत कृष्णकान्त उपाध्याय मिति २०७७।०४।१६ गते श्रोत नखुलेको रकम तथा बैक भौचर सहितको आरोपमा काठमाण्डौं जाने क्रममा नागढुङ्गाबाट पक्राउ परि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसान्धानको क्रममा रहेकोलेभनि जानकारी प्राप्त भएकोले निजको अनुसन्धान तथा छानविन प्रक्रियामा आयोगलाई हरेक प्रकारको सहयोग गर्ने साथै तुलसीपुर उपमहानगरपालिकामा जस्तो सुकै प्रकारको भ्रष्टाचारहरुको अन्त्य गर्दै भष्टाचार प्रति शुन्य सहनशिलताको सिद्धान्तलाई निरन्तरता दिने र यस कार्यालयमा अर्को व्यंवस्था नभए सम्मको लागि निमित्त प्रमुख प्रशासकीय अधिकृत भाष्करराज गौतमलाई आर्थिक अधिकार सहित निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकिदिन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गरि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्न यस उपमहानगरपालिका भित्र कानुन टुर्स एण्ड ट्राभल लगायतका बिषयहरुमा स्नातक तहसम्मको कक्षा संचालन गर्न लुम्बिनी बिश्वबिद्यालय संग सहकार्य गरि अगाडी बढ्ने सर्वसम्मत निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

तुलसीपुर उपमहानगरपालिकाले विगत ३ बर्षमा गरेका बिकास निर्माणका कार्यहरुको समिक्षा तथा प्रगतिहरु समेटी ३ बर्षे समिक्षा तथा प्रगती पुस्तीका प्रकाशन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिको कार्यविभाजन नियमावली, २०७४ माथिको पहिलो संशोधन प्रस्ताव सर्वसम्मतिले पास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको नागरिक बडापत्र स्विकृत गरि यथासिघ्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस तुलसीपुर उपमहानगरपालिकाकाले निर्माण गरेको रणनीतिक गुरुयोजना छलफलका लागि सबै वडाहरुमा पठाउने निर्णय गरियो

**निर्णय नं. १३**

हरेक वडामा संघ, प्रदेश तथा उपमहानगरपालिकाको तर्फबाट कार्यान्वयनमा रहेका ठूला तधा नगरको लागि रणनीतिक महत्वका योजनाहरुमा एक एक जना प्राविधिक फोकल पर्सनको रुपमा तोक्ने तथा अमिनहरुको अभाव रहेको अवस्थामा वडा कार्यालयमा घरबाटो सिफारिस गर्दा अन्य प्राविधिक कर्मचारीहरुको प्रतिवेदनको आधारमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिकामा थुप्रै यान्त्रिक साधनहरु रहेका र सोको नियमित मर्मत सम्भारका लागि यस कार्यालयमा सो सम्बन्धि प्राविधिक कर्मचारीहरु नभएको साथै कार्यालयको स्विकृत दरवन्दिमा रहेका बातावरण निरिक्षक र बातावरण इन्जिनियर समेत पूर्ति हुन नसकेकोले एक जना बन अधिकृत र एक जना मेकानिकल ओभरसियरको पद स्विकृत गरि दुवै पदहरु यथासिघ्र करार सेवामा पूर्ति गर्ने निर्णय गरियो । साथै उक्त पदको पदपुर्तिका लागि तपसिल बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

**घनश्याम पाण्डे**
प्रमुख

मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :

<u>तपसिल</u>

**क) बन अधिकृतको छनौट समिति :**

१. श्री प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२. श्री पुजा नेपाली(बन विज्ञ) — सदस्य

३. श्री अनन्त कुमार गौतम(प्रशासन तथा जनशक्ति शाखा प्रमुख — सदस्य सचिव

**ख) मेकानिकल ओभरसियरको छनौट समिति :**

१. श्री प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२. श्री ऋतेश कुमार साह (मेकानिकल ईन्जिनियर) — सदस्य

३. श्री अनन्त कुमार गौतम(प्रशासन तथा जनशक्ति शाखा प्रमुख — सदस्य सचिव

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको सेवा प्रबाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन २ बर्ष भन्दा बढी समय एउटै वडा कार्यालय, शाखा तथा महाशाखाहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता र औचित्यताका आधारमा नगर भित्रको अन्य मिल्दो सेवा समुह र पदमा खटाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६**

यस तुलसीपुर उपमहानगरपालिकामा सञ्चालन गरिने सबै प्रकारका बिकास निर्माण तथा प्रशासनिक कार्यहरुलाई बैध तथा कानुन सम्मत ढंगले सञ्चालन गर्न सबै बिषयगत समितिहरुले आवश्यक ऐन,कार्यबिधि,निर्देशिका,नियमावली र मापदण्ड निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

बर्तमान अवस्थामा बिश्वमहामारीको रुपमा फैलिएको COVID 19 का कारण यस तुलसीपुर उपमहानगरपालिकाले महामारीबाट समयमै नागरिकलाई सुरक्षा प्रदान गर्न समुदाय होम क्वारेन्टीन, पेईङ्ग क्वारेन्टीन र आईसोलेशन केन्द्र स्थापना गरी समुदायमा कोरोना फैलनबाट रोकेको र पछिल्लो अवस्थामा छिमेकी देश,जिल्लामा यसको प्रभाव बढदो अवस्थामा रहेकोले नेपालीहरुको चाडबाड आईरहेको अवस्थामा बिदेश तथा संक्रमित क्षेत्रबाट मानिसहरु आउन सक्ने सम्भाना प्रवल रहेकोले सोको ब्यवस्थापनका लागि होम क्वारेन्टीनलाई प्राथमिकतामा राख्दै हरेक वडामा वडा अध्यक्षको संयोजकत्वमा सामुदायिक होम क्वारेन्टीन वडाकै खर्चमा निर्माण गर्ने र सोको अनुगमन र ब्यवस्थापन हरेक

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ ५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :**

वडाका स्वास्थ्य केन्द्रहरुले गर्ने , दोश्रो प्राथमिकतामा पेईङ्ग क्वारेन्टीनको व्यवस्था गर्ने र तुलसीपुर उपमहानगरपालिका वडा नं. २ को माबि बालापुरलाई नगरको खर्चमा व्यवस्थित नगर क्वारेन्टीन तथा आईसोलेशन सेन्टरका रुपमा निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

बर्तमान अवस्थामा बिश्वमहामारीको रुपमा फैलिएको COVID 19 का कारण यस तुलसीपुर उपमहानगरपालिकाले महामारीबाट समयमै नागरिकलाई सुरक्षा प्रदान गर्न स्थानीय सरकारको तर्फबाट गर्ने सबै प्रकारका सुरक्षा ,राहत र उद्धारका कार्यहरु गरी रहेको र पछिल्लो अवस्थामा कोरोनाको प्रभाव बढदै गईरहेकोले सबै नागरिकहरुलाई भोजभतेर,दरखाने,विवाहवारी,मठमन्दिर तिर्थ,पिकनिक,सभा सम्मेलन तथा सामुहिक जमघट हुने अन्य जुनसुकै प्रकारका कार्यहरु नगर्न तथा सबै नगरबासीले सुरक्षाका उपायहरु अवलम्बन गर्न सार्बजनिक रुपमा आवह्वान गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १९**

तुलसीपुर बिकास प्राधिकरणले आ.ब. २०७७/०७८ मा निर्माण गर्ने सडकहरुमा कम्तीमा दुई वा सो भन्दा बढि गाउटोल समेटने, पक्किनाला निर्माण भैसकेको तथा पुराना आयोजनालाई प्राथमिकतामा राखी वडाबाटै सडकहरुको DPR र ल.ई सहित न्यूनतम ८ मिटर चौडाई भएको सडकहरुको नाला समेत बनाई २०७७ भाद्र मसान्त भित्र पेश गर्ने सर्बसम्मत निर्णय गरियो । साथै दुई वा सोभन्दा बढि वडा जोडने रणनीतिक महत्वका सडकहरु नगरप्रमुखको निर्देशन अनुसार DPR, ल.ई.को मापदण्ड अनुसार गर्ने निर्णय गरियो

**निर्णय नं. २०**

प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका लागि माग गरिएको प्राबिधि सहायकको पदपुर्तिका लागि निम्नानुसारको छनौट समिति गठन गर्ने सर्बसम्मत निर्णय गरियो । साथै यस उपमहानगरपालिकामा रिक्त रहेको सूचना प्रबिधि अधिकृतको पदमा उमेद्धार छनौटका लागि समेत तपसिल बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**<u>क) प्राबिधि सहायकको पदपुर्तिका लागि छनौट समिति :</u>**

**तपसिल**

| | |
|---|---|
| १. श्री प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. श्री पवन कुमार योगी (ईन्जीनियर) | बिज्ञ सदस्य |
| ३.श्री अनन्त कुमार गौतम(प्रशासन तथा जनशक्ति बिकास शाखा) | सदस्य सचिव |

(मिति २०७७०४।३२ का.पा. ९२ औं का.पा. बैठक निर्णयहरु)

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ ५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :**

**ख) सूचना प्रबिधि अधिकृत पदपुर्तिका लागि छनौट समिति :**

**तपसिल**

१. श्री प्रमुख प्रशासकीय अधिकृत — संयोजक

२. श्री बिमल अग्रहरी(सूचना प्रबिधि अधिकृत) — बिज्ञ सदस्य

३.श्री अनन्त कुमार गौतम(प्रशासन तथा जनशक्ति बिकास शाखा) — सदस्य सचिव

**निर्णय नं. २१**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ स्थित मेट्रो कलेजको बाउण्ड्री वाल निर्माणका लागि सार्वजनिक सूचना प्रकाशित गरीएकोमा सोमा पर्न आएका बोलपत्रहरुको मुल्याङ्कन समितिबाट मुल्याङ्कीत भई पेश गरीएको प्रतिवेदन अनुसार बाउण्ड्रीवाल निर्माण कार्यका लागि श्री सुरज निर्माण सेवा एण्ड सुरज सप्लायर्स तुलसीपुर दाङ्गले सबै भन्दा न्यून अंक रु ७६,६३०७३।२९(छयत्तरलाख,त्रिसठ्ठिहजार,त्रिहत्तर रुपैया र उन्तीस पैसा) भ्याट बाहेक कबोल गर्ने गरेकोले उक्त बोलपत्र सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (१) ले निर्दिष्ट गरे बमोजिम सारभूत रुपमा कानुनन प्रभावग्राही देखिएकोले स्वीकृत गरी आसयको सूचना दिन सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. २२**

तुलसीपुर उपमहानगरपालिका बालहितकोष सञ्चालन मापदण्ड,२०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.: २३**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र ढुंगा र नदीजन्य पदार्थ संलकन तथा विकास निर्माणका लागि तपसिल अनुसारका खोला/ नदी/ क्षेत्रमा प्रारम्भीक वातावरणीय परिक्षण (**IEE**) गर्ने निर्णय गरियो ।

| क्र.सं. | खोला/नदी/स्थान | घाट/क्षेत्र |
|---|---|---|
| १ | ग्वारखोला | बालुवा घाट यरीया |
| २ | ग्वारखोला | जहदाघाट यरीया |
| ३ | पातुखोला | राईखलियानदेखी दक्षिण तर्फको यरीया |
| ४ | पातुखोला | राईखलियानदेखी उत्तर तर्फको यरीया |
| ५ | चिरेघाट खोला | चिरेघाट यरीया |
| ६ | संग्राम खोला | जमेरा, निमुवा, मंगरी क्षेत्र तर्फको यरीया |
| ७ | बबईनदी | पक्कि पुलको पूर्व शितलपुर क्षेत्र |
| ८ | बबईनदी | पक्कि पुलको पश्चिम शितलपुर क्षेत्र |
| ९ | बबईनदी | मोतिपुर घाट यरीया |
| १० | बबईनदी | सुकौरा मसान घाट यरीया |

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ न.प्रदेश, नेपाल

मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :

| | | |
|---|---|---|
| ११ | भमकेखोला | पक्कि पुलको दक्षिण वटोलपुर क्षेत्र |
| १२ | भमकेखोला | पक्कि पुलदेखी उत्तर अश्वारा खैरीपुर सडक सम्मको एरीया |
| १३ | भमकेखोला | अश्वारा खैरीपुर सडक देखी भण्डारी टोल सडक एरीया |
| १४ | भमकेखोला | भण्डारी टोल सडक देखी कजवे यरीया |
| १५ | भमकेखोला | कजवेदेखी उत्तर ठाटीगाउं यरीया |
| १६ | पातुखोला | सुकौरा पक्कि पुलदेखी दक्षिण तर्फको यरीया |
| १७ | पातुखोला | सुकौरा घाट देखी उत्तर तर्फको यरीया (वनगाउं क्षेत्र) |
| १८ | पातुखोला | वटोलपुर यरीया |
| १९ | पातुखोला | भमकेखोला र पातुखोला दोभान उत्तर यरीया |
| २० | रानीघाट खोला | हात्तिथुम्का यरीया |
| २१ | संग्राम खोला | कोठरी पुल देखी दक्षिण क्षेत्र |
| २२ | ग्वारखोला | जनता संस्कृत मा.बि.को जग्गा मानपुरे बांध देखी दक्षिण |
| २३ | वडा नं. १ बाटो निर्माण | मनकामना मन्दिर देखी मख्खनटाकुरीसम्म |
| २४ | वडा नं. ३ बाटो निर्माण | पैयाखोरे देखी सातबास हुदै कल्ले किमिचौरसम्म |
| २५ | वडा नं. ३ बाटो निर्माण | सातबास देखी खमारी जाने बाटो |
| २६ | वडा नं. ३ बाटो निर्माण | भट्टे देखी कालामारे जाने बाटो |
| २७ | वडा नं.४ बाटो निर्माण | आंखा अस्पताल देखी बिरेन्द्र सा.ब.उ.स.सम्म |
| २८ | वडा नं.४ बाटो निर्माण | चारबाटो चौक हुदै बनहरीसम्म |
| २९ | वडा नं.४ बाटो निर्माण | हलबार हुदै खुम खानी जोडने सडक |
| ३० | वडा नं. ७ बाटो निर्माण | राप्ती शान्ती उद्यानबाट घुसरी बनरी जाने बाटो |
| २८ | वडा नं. ७ बाटो निर्माण | राप्ती शान्ती उद्यान नयां बस्ति बाट मटेरा जोड्ने बाटो |
| ३० | वडा नं. १८ जलशाय निर्माण | दुधे गजेरी रानीबन क्षेत्र |
| ३१ | वडा नं. १८ बाटो निर्माण | हेमन्तपुर देखी संग्राम व्यारेक हुदै हातीखाल सम्म |
| ३२ | वडा नं. १८ बाटो निर्माण | कलमघारी सामुदायिक भवन देखी आंखा अस्पताल सडक |
| ३३ | वडा नं. १९ बाटो निर्माण | बिजौरी-हाडिमे-स्यालपानी-छिल्लीकोट-रोल्या जोड्ने सडक |
| ३४ | वडा नं. १९ बाटो निर्माण | हातीखाल देखी डौडारे हुदै संग्राम सडक |
| ३५ | वडा नं. १९ बाटो निर्माण | बासगढि-तोपापानी स्वस्थ्यचौकिसम्म |

**निर्णय नं.: २४**

तुलसीपुर उप महानगरपालिका दाङको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका खोला/नदीहरुको देहाय वमोजिमको परिमाणको नदीजन्य पदार्थ आ.व.०७७/०७८ मा संकलन गर्ने ठेक्का वन्दोवस्तबाट गर्ने निर्णय गरियो ।

घनश्याम पाण्डे
प्रमुख





तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

मिति २०७७ श्रावण ३२ गते (वि.सं. २०७७।०४।३२) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ९२ औं बैठकका निर्णयहरु :

| क्र.सं. | खोला/नदी | घाट/क्षेत्र | परिमाण (घ.मि.) |
|---|---|---|---|
| १ | ग्वारखोला | वायखोला क्षेत्र | २,००० |
| २ | ग्वारखोला | लहलौरा भोजपुर जाने पक्कि पुलदेखी दक्षिण तर्फको क्षेत्र | १६,००० |
| ३ | पातुखोला | शिरकुला क्षेत्र (ढुंगा) | १७,१०० |
| ४ | पातुखोला | सुकौरा घाट | १०,००० |
| ५ | संग्रामखोला | पत्रे र संग्राम खोला दोभान क्षेत्र | ४,९२५ |
| ६ | बबइनदी | ड्वाङपुर, जितपुर क्षेत्र | १३,५०० |
| ७ | बबइनदी | चौपरीया क्षेत्र | १०,००० |
| ८ | हापुरखोला | बबई दोभान क्षेत्र | ११,२५० |
| ९ | गहतेखोला | पक्कि पुलको दक्षिण क्षेत्र | ६,००० |

**निर्णय नं.: २५**

तुलसीपुर उद्योग बाणिज्य संघले आ.व.०७५/०७६ मा उठेको व्यवसाय करको २० प्रतिशतले हुन आउने रकम सहयोग उपलब्ध गराउन निवेदन पेशको सन्दर्भमा आर्थिक समितिको सिफारिश अनुसार आ.व.२०७५/०७६ मा कुल उठेको व्यवसाय कर रकम रु.५८,८१,०२९।-को २०% प्रतिशतले हुन आउने रकम रु.११,७६,२०५।- मध्ये रु.७००,०००।-(सात लाख) तुलसीपुर बजार क्षेत्र सौन्दरिकरणका लागि तथा रु.४००,०००।-(चार लाख) कोभिड-१९ महामारी सम्बन्धि राहत कार्यमा खर्च गर्ने गरी रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.: २६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ का बेलौरी चौधरीले वडा नं. ६ स्थीत किता नं. ८/ख ४९८ क्षेत्रफल ०-०-१० ज.बि. जग्गामा निर्माण भएको घरमा तेश्रो तल्ला थपका लागि नक्सपास दस्तुर रु.७,६३८।- दाखिला गरि सकेको तर मापदण्ड अनुसार नक्सापास हुन नसकेकोले सो रकम फिर्ता पाउं भनी मिति २०७६/११/०२ गते निवेदन पेश गरेको र मिति २०७६/११/१९ गते प्राविधीकद्वारा नक्सापास हुन नसकि दस्तुर फिर्ता गर्न मनासिब देखी सिफारिश भएकोमा उक्त माग अनुसार रु.७,६३८। फिर्ता गर्ने निर्णय गरियो ।

वि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

घनश्याम पाण्डे
प्रमुख